दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक ३२० | बुटवल | २०८१ मंसिर १२, गते बुधबार | नेपाल संवत ११४५ | Wednesday Nov.27, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



एड्स तथा यौन रोगबाट बच्न र बचाउन
-सुरक्षित यौन सम्पर्क गरौं,
-यौन सम्पर्क गर्दा कण्डमको प्रयोग गरौं।
-विषाणुरहित रगत तथा सुईको मात्र प्रयोग गरौं।
-एच.आई.भी. नियमित परीक्षण गरौं।
-यौन रोगको लक्षण देखिएमा चिकित्सकसँग परामर्श गरौं।
नेपाल सरकार विज्ञापन बोर्ड


# ‘विद्युत् बक्यौता उठाऊ तर लाइन नकाट’

**ट्रंकलाइन विद्युत् माग र खपत गरेको प्रमाण (टीओडी) देखाए हामी तिर्न तयार छौं, तर प्राधिकरणले बिना प्रमाण जबर्जस्ती महसुल तिराउन खोजेर बद्नाम गर्न खोजेको थियो, आयोगको निर्णय कार्यान्वयन भएमा राहतको हुने उद्योगीहरुको भनाइ छ।**

**लुम्बिनी संवाददाता**

*बुटवल*

लामो समयदेखि अल्झिरहेको डेडिकेटेड एवम् ट्रंक लाइन विवादमा विद्युत् नियमन आयोगले मन्त्रिपरिषद्ले गरेको निर्णयअनुरूप बक्यौता असुली गर्न नेपाल विद्युत् प्राधिकरणलाई निर्देशन दिएको छ। आयोगले उद्योगहरूको लाइन काट्दा सरकारको राजस्वमा समेत असर पर्ने हुनाले उसले लाइन नकाट्न भनेको छ।

यसअघि मन्त्रिपरिषद् बैठकले टीओडी मिटरसमेतका आधारमा पुनः गणना गरी १५ दिनभित्र बक्यौता उठाउन र उद्योगहरूमा काटिएको लाइन जोडिदिने निर्णय २५ कात्तिकमा गरेको थियो।

लाल आयोगको सिफारिस तथा मन्त्रिपरिषद्को निर्णयका आधारमा डेडिकेटेड र ट्रंक लाइनसम्बन्धी बिलहरूको छानबिन गर्न ऊर्जा मन्त्रालयले प्राविधिक समिति गठन गरेको हुनाले बक्यौता उठाउने कुरामा कुनै सम्झौता नगरी अन्य सबै प्रक्रिया यथास्थितिमा राख्ने निर्णय भएको छ।’- नियमन आयोगका अध्यक्ष रामप्रसाद धितालले भने।

साथै, प्राधिकरणको बक्यौता उठाउन लाइन बिच्छेदबाहेक अन्य दबाबमूलक रणनीति अपनाउन सक्ने निर्णय पनि आयोगले गरेको जानकारी दिए।

त्यस्तै, मन्त्रालयले गठन गरेको प्राविधिक समितिको अध्ययनबाट यो विवाद रहेको उद्योगहरूले बढी पैसा तिरको पाइए पछाडिको बिलमा त्यो समायोजन गर्न पनि आयोगले प्राधिकरणलाई निर्देशन दिएको थियो। मन्त्रालयले गठन गरेको प्राविधिक समितिले लाल आयोगको सिफारिस तथा टीओडी मिटरको तथ्यांक समेतका आधारमा महसुल गणनाको कार्य प्रारम्भ गरिसकेको हुँदा त्यसको अध्ययन प्रतिवेदन नआएसम्म अन्य प्रक्रियाहरू यथास्थितिमा राख्ने निर्णय भएको अध्यक्ष धितालले जानकारी दिए।

मन्त्रीपरिषद् बैठकले टीओडी मिटरसमेतका आधारमा पुनः गणनागरी १५ दिनभित्र बक्यौता उठाउने निर्णय गरे पनि नेपाल विद्युत् प्राधिकरणले फेरि पनि पुरानै बिल पठाएको थियो। टीओडी मिटरकै आधारमा पहिले बिल काटिएकोले त्यसलाई नसच्याउने कुरा प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताएका थिए।

कार्यकारी निर्देशक घिसिङले मन्त्रिरिषद् निर्णयको अवज्ञा गर्दै महसुल पुनः निर्धारण नगरी पुरानै विवादित बक्यौता उठाउन ताकेता गरेपछि ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयले महसुलसम्बन्धी विषय छानबिन र पुनः गणना गर्न राष्ट्रिय योजना आयोगका पूर्वसदस्य प्रा.डा. अरबिन्दकुमार मिश्रको संयोजकत्वमा एक प्राविधिक समिति गठन गरेको थियो। समितिमा समितिमा नेपाल विद्युत् प्राधिकरणका पूर्व निर्देशक श्रीरामराज पाण्डे र चार्टर्ड एकाउन्टेन्ट सुजनकुमार काफ्ले सदस्य छन्।

डेडिकेटेड र ट्रकलाइन विद्युत् महसुल बक्यौतासम्बन्धी आवश्यक सत्यतथ्य विवरणप्रमाण संकलन गर्ने एवम् प्रमाणीकरण गर्ने कार्यादेश समितिलाई दिइएको छ।




समितिले गिरिशचन्द्र लाल नेतृत्वको आयोगले गरेका सिफारिस र मन्त्रिपरिषद्ले गरेका निर्णयका आधारमा पहिले काटेका बिलबिजकलाई ‘टाइम अफ डे’ टीओडी मिटरका आधारमा पुनः गणना गरी जाँच गर्ने उर्जा मन्त्रालयका सचिव सुरेश आचार्यले बताए। पुरानो बिल मिलेको रहेनछ भने त्यसलाई सच्याउने अधिकार पनि आयोगलाई दिइएको छ।

समितिले ९ कात्तिकदेखि काम सुरु गरिसकेको छ। समितिले कामसमेत सुरु गरिसकेको अवस्थामा विद्युत् प्राधिकरणले फेरि उद्योगहरुको लाइन काट्नसक्ने जोखिमलाई ध्यानमा राखी विद्युत् नियमन आयोको नयाँ निर्णय आएको हो।

डेडिकेडेट फिडर र ट्रंक लाइनमार्फत् वितरण गरिएको विद्युत् महसुल दरको भुक्तानीलाई लिएर २०७५ सालदेखि विद्युत् प्राधिकरण र उद्योगीहरूबिच विवाद जारी छ। यही विवादमा प्राधिकरणले गत पुस पहिलो साता २४ बक्यौता नतिरेको आरोपमा उद्योगको लाइन काटेको थियो। लोडसेडिङका बेला पनि नियमित २० देखि २४ घण्टासम्म विद्युत् लिन चाहने अर्थात् लोडसेडिङमा बस्नु नपर्ने गरी केही उद्योगी-व्यवसायीलाई प्राधिकरणले डेडिकेटेड फिडर र ट्रंक लाइनबाट बिजुली दिन्थ्यो, त्यसमा थप ६५ प्रतिशतसम्म प्रिमियम शुल्क लिन्थ्यो।

ती ग्राहक जसले लोडसेडिङमा बस्नु परेन, उनीहरूले थप ६५ प्रतिशतसम्मको शुल्क नियमित बुझाएका पनि थिए। तर, विद्युत् प्राधिकरणले २०७५ सालमा ६१ उद्योगीलाई छुट बिल तिर्न भन्दै पत्र पठाएपछि यो विवाद सतहमा आएको हो। २०७२ साउनदेखि सुरु भएको डेडिकेटेड र ट्रंक लाइनको प्रिमियम शुल्क २०७७ असारसम्मै चालु थियो। त्यसबेला विभिन्न सरकारी अस्पताल, कार्यालय तथा निजी उद्योग समेत गरेर २ सय ९८ ग्राहकले यस्तो लाइन लिएकोमा पछिल्लो समय ६१ उद्योगको बिलमा भने विवाद भइरहेको छ।

कतिपय उद्योगले त्यो संकटपूर्ण कालखण्डमा महँगो दर पर्ने बिजुली उपयोग गरे, तर सामान्य दरमा बिल भुक्तानी गरेको प्राधिकरणको दाबी छ। त्यसरी प्रिमियम शुल्क तिर्नुपर्ने कतिपय उद्योगको छुट बिल काटिएको प्राधिकरण बताउँछ।

उपयोग गरेअनुसार बिल तिर्न आफूहरू तयार भए पनि प्राधिकरणले कुन समयमा कति बिजुली प्रयोग गर्न दिएको थियो भन्ने प्रमाण दिनुपर्ने उद्योगीहरूको अडान छ।

यसबीच विद्युत् नियमन आयोगले डेडिकेटेड र ट्रंक लाइनबाट विद्युत् उपभोग गरेका ग्राहकसँग प्राधिकरणले तोकेको मापदण्ड पुगेको प्रमाणका आधारमा मात्रै शुल्क उठाउन पाउने निर्णय गरेको थियो।

तर, त्यसपछि पनि विवाद समाधान नहुँदा मन्त्रिपरिषद्ले २०८० पुस २४ मा छानबिन आयोग गठन गरेको थियो। आयोगले २३ वैशाख २०८१ मा सिफारिस सहितको प्रतिवेदन सरकारलाई बुझाएको थियो। सोही प्रतिवेदनमा २०७२ पुसअघि र २०७५ बैशाखपछिको अवधिको प्रिमियम शुल्क प्राधिकरणले लिन नमिल्ने सिफारिस गरिएको छ।

» बाँकी ३ पेजमा

## प्रदेश सांसद चौधरीलाई एमालेको कारबाही



बुटवल। नेकपा एमाले बाँके जिल्ला कमिटीले लुम्बिनी प्रदेशका सांसद दुर्गा चौधरीलाई लिनम्बन गरेको छ।

पार्टीलाई हानी नोक्सानी पुऱ्याउने मनसाय राखेर गालीगलोज गर्ने, सामाजिक सञ्जालमा लेख्नलगायत गतिविधि गरेको भन्दै चौधरीलाई निलम्बन गरिएको छ। बाँके-१ (ख) बाट प्रत्यक्ष निर्वाचित सांसद चौधरी पूर्वमन्त्री समेत हुन्। लिला गिरी मुख्यमन्त्री हुँदा चौधरी मन्त्री थिए।

‘जिम्मेवार पदमा बसेका नेताले पार्टीलाई हानी नोक्सानी पुऱ्याएमा कारबाही हुने विधानको व्यवस्था छ, त्यसैअनुसार निलम्बन गरिएको हो।’- बाँके जिल्ला अध्यक्ष निरक गुरुङले भने। बाँके एमालेको जिल्ला सचिवालय बैठक बसेर चौधरीलाई निलम्बनको निर्णय भएको हो।

एक नेताका अनुसार चौधरी कुनैपनि पार्टी कमिटीमा नरहेकाले बाँके जिल्ला कमिटीले पार्टी सदस्यबाट निलम्बन गर्ने निर्णय भएको हो। माओवादीबाट एमाले आएका चौधरी यसअघि प्रदेश कमिटी उपसचिव थिए। तर गत वर्ष सम्पन्न प्रदेश अधिवेशनमा उनी उपसचिव पदमा पराजित भए।

उपसचिव पराजित भएपछि उनले अध्यक्ष केपी शर्मा ओली र महासचिव शंकर पोखरेलको चर्को आलोचना गर्दै आएका थिए। सार्वजनिक आलोचना गरेकै कारण चौधरीलाई बाँके एमालेले स्पष्टीकरण सोधेको थियो।

‘स्पष्टीकरणको जवाफ दिने सन्दर्भमा आफ्ना कमी कमजोरी प्रति महशुशीकरण गर्नुको साटो उल्टै पार्टी नेता, कार्यकर्ता र समग्र पार्टीका विरुद्धमा लिखित जवाफ दिनु भएको हुँदा तपाईंलाई पार्टी विधानको धारा ८१ (७) को अनुशासनको कार्बाहीको व्यवस्था अनुरुप पार्टी सदस्यबाट निलम्बन गरिएको जानकारी गराउँदछु।’-अध्यक्ष गुरुङले पठाएको पत्रमा उल्लेख छ।

यद्यपि गल्ती सच्याएर आउँदा निलम्बन फुकुवा हुने अध्यक्ष गुरुङले बताए। ‘दुई वर्षसम्म निलम्बनको व्यवस्था छ, तर उहाँले गल्ती सच्याउँछु भन्नुभयो भने फुकुवा भइहाल्छ।’-अध्यक्ष गुरुङले भने।

## लुम्बिनीमा प्रदेशस्तरीय शुद्धोधन लोकमार्ग बन्दै

बुटवल। लुम्बिनीमा प्रदेशस्तरीय शुद्धोधन लोकमार्ग बन्ने भएको छ। रुपन्देहीको सिद्धार्थ नगरपालिका र मायादेवी गाउँपालिकामा पर्ने गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट कपिलवस्तु जिल्लाको महाराजगंज जोड्ने सडक बन्ने भएको हो।

रुपन्देहीका ५ पालिका अन्तर्गत मायादेवी गाउँपालिका, सियारी गाउँपालिका, गैडहवा गाउँपालिका, शुद्धोधन गाउँपालिका, कञ्चन गाउँपालिका र कपिवस्तु जिल्लाको वाणगंगा नगरपालिका, कपिलवस्तु नगरपालिका, बुद्धभुमि नगरपालिका, महाराजगंज नगरपालिका बिच लोकमार्ग बनाउने सहमति अनुसार मंगलबार रोडपरमिट(सडकका लागी प्रस्तावित स्थान)को अवलोकन गरिएको छ। विमानस्थलबाट लुम्बिनी प्रदेशको राजधानी दाङ जान सहज हुनेभन्दा शुद्धोधन लोकमार्ग निर्माण गर्न लागिएको हो। निर्माण हुने लोकमार्ग ३८ देखि ४० किलोमिटरसम्म हुने अनुमान गरिएको छ।

प्रदेशस्तरीय लोकमार्गले विकासको अनुभुति गराउने सियारी गाउँपालिकाका अध्यक्ष थानेश्वर घिमिरेले जानकारी दिएका छन्। पिछाडिएको स्थान र पर्यटकीय एवं धार्मिक सम्पदाहरुलाई समेत समेट्ने गरी निर्माण गरिने अध्यक्ष घिमिरेले उल्लेख गरे। प्रदेश सरकारसँग पनि छलफल र प्रक्रिया अघि बढेको जानकारी गराए।

बहुवर्षीय हुने यो आयोजना साँच्चिकै जनपक्षिय हुने कपिलवस्तु नगरपालिकाका मेयर सुदिप पौडेलले बताएका छन्। अन्य जिल्ला जान पनि सहज हुने र पर्यकीय दृष्टिकोणले उत्तम हुने भन्दै चाँडै डीपीआर तयार गरी निर्माणका लागि अघि बढाइने उद्घोष गरेका छन्।

कपिलबस्तु नगरपालिकामा बसेको बैठकले लोकमार्गलाई नामांकरण गरेको छ। रुपन्देहीका ५ पालिका र कपिलवस्तु जिल्लाका ४ पालिका बिचको बैठकले अब बन्ने सडकको नाम शुद्धोधन लोकमार्ग राख्ने सहमति भएको हो। सडक बन्ने भएसंगै रुपन्देही र कपिलवस्तुका स्थानीयहरु खुशी भएका छन्। अवलोकनमा लुम्बिनी प्रदेशका सांसद विष्णु पन्थी,रुपन्देहीका मायादेवी गाउँपालिकाका अध्यक्ष ध्रुवनारायण चौधरी, गैंडहवा गाउँपालिकाका अध्यक्ष सुरेन्द्र पौडेल, शुद्धोधन गाउँपालिकाका अध्यक्ष विष्णु बस्याल, कञ्चन गाउँपालिका अध्यक्ष नवराज ढकाल र कपिलवस्तु जिल्लाका वाणगंगा नगरपालिकाका मेयर चक्रपाणि अर्याललगायतले प्रदेशकै पहुँचयोग्य र रणनैतिक सडक बन्ने दाबी गरेका छन्।

## लुम्बिनी प्रदेशमा आयोजना बैंक बनाइंदै

दाङ। पहुँच र राजनीतिक स्वार्थका आधारमा योजना छनोट र बजेट वितरणमा भइरहेको बेथिति रोक्न लुम्बिनी प्रदेश सरकारले प्रदेश आयोजना बैंक निर्माण गर्ने भएको छ। चालु आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रममा सरकारले प्रदेश आयोजना बैंक निर्माणलाई प्राथमिकतामा राखेको छ। सोही आधारमा प्रदेश सरकारले प्रदेश आयोजना बैंक निर्माणको प्रक्रिया सुरु गरेको हो।

योजना छनोट प्रक्रियालाई आवश्यकताका आधारमा व्यवस्थित बनाउन आयोजना बैंक आवश्यक परेको र सोहीअनुसार योजनाहरुको प्राथमिकीकरण गर्दा पारदर्शी प्रणाली स्थापना हुने विश्वास गरिएको छ।

सरकारले प्राथमिकता राखेका आयोजनाहरुको छनौट प्रक्रियालाई व्यवस्थित गर्ने, विश्लेषण गर्ने र कार्यान्वयन योग्य बनाउनेगरी आयोजना बैंक बनाउन थालिएको प्रदेश योजना आयोगका उपाध्यक्ष डा.डिल्लीराज अर्यालले बताए। ‘बैंकले आयोजनाहरुको वर्गिकरण गर्न सघाउ पुग्ने छ, पूर्वाधारतर्फका मात्रै नभई सामाजिक विकाससँग जोडिएका योजनाहरुलाई पनि यसमा समावेश गरिने छ,’ अर्यालले भने-‘प्रदेश सरकारको प्राथमिकताको आधारमा यसमा योजनाहरु समावेश गरिनेछ र कार्यान्वयनकोलागि अघि बढाइने छ।’

प्रदेश योजना आयोगले आयोजना बैंक तर्जुमा निर्देशिका २०८१ को प्रस्तावनामाथि छलफल समेत अघि बढाइसकेको छ। सरोकारवाला पक्षहरुको राय सल्लाह सुझावको आधारमा आयोजना बैंकलाई कार्यान्वयनमा लगिने मुख्यमन्त्री चेतनारायण आचार्यले बताए। ‘योजना छनौंट र बजेट वितरणलाई वैज्ञानिक र पारदर्शी बनाउन आयोजना बैंक उपयुक्त हुनेछ।’-मुख्यमन्त्री आचार्यले भने।

विगतमा सरकारको नेतृत्वमा हुने मन्त्री, सत्तारुढ दलका नेताहरुले पहुचको भरमा आफ्नो क्षेत्रमा मात्रै वजेट खन्याउने परिपाटी भएकाले आफूहरुले संसदमा आयोजना बैंक स्थापना गरेर आवश्यकताका आधारमा मात्रै योजना छनोट र बजेट वितरणको माग उठाएको फलस्वरुप आयोजना बैंक बन्न लागेको प्रदेशसभा सदस्य निमा गिरीले बताइन्।

यसले योजनाको दोहोरोपनको पनि अन्त्य गर्ने र वडाबाटै योजना छनोट भएर आउने हुँदा नेताहरुले खल्तीबाट योजना छनोटको बेथिति अन्त्य हुने गिरीको भनाइ छ। ‘नागरिकको आवश्यकता एकातिर तरयोजना र बजेट पहुँचका आधारमा अन्यतै जाने प्रवृत्ति छ, अब नागरिकको आवश्ताको आधारमा आयोजना छनोट र कार्यान्वयन हुने विश्वास पलाएको छ।’-गिरीले भनिन्।

प्रदेश योजना आयोगका सदस्य डा.सुदनकुमार वलीले प्रदेशको सीमित स्रोत साधनको उच्चतम प्रयोगकालागि प्रदेश आयोजना बैंक आवश्यकता परेको बताए। प्रदेशले प्राथमिकतामा राख्नुपर्ने आयोजना प्राथमिकतामा नपर्ने समस्या रहेकोमा अबदेखि प्रदेश आयोजना बैंकमा समावेश आयोजनाहरु प्राथमिकताको आधारमा अघि बढाउन सहज हुने उनले बताए। योजनाविद् डा.नहकुल केसीले योजनाहरुलाई एकीकृत गर्न आयोजना बैंक उपयुक्त माध्यम बन्ने र यसले योजना छनौंट प्रक्रियालाई पारदर्शी बनाउने बताए।




दैनिक लुम्बिनी

# सम्पादकीय

## संघीयता कार्यान्वयनमा ढिलाइ

मुलुकमा संघीय शासन प्रणाली स्थापना भएयता दुई वटा चुनाव भइसकेका छन् । तहगत सरकारले पहिलो पाँच वर्षको कार्यकाल पूरा गरी दोस्रो कार्यकालको दोस्रो वर्ष पूरा गरिसकेका छन् । यो सात वर्षमा शासन प्रणालीलाई विधिवत रुपमा संस्थागत गर्ने काममा सरकार चुकेको छ । खासगरी संघीय शासन प्रणालीअनुसार कानुन निर्माणको जिम्मेवारी संघीय सरकारको हो, संवैधानिक प्रबन्धअनुसार कानुन निर्माण गरी संघीयता कार्यान्वयनको व्यवहारिक अभ्यासको बाटो खोल्दा संविधानको समेत कार्यान्वयन हुने हो ।

स्थानीय तहमा बाहेक प्रदेश र संघीय सरकारमा राजनैतिक अस्थिरताले कानुन निर्माणको पाटो ओझेलमा परेको छ । सरकारमा राजनैतिक नेतृत्व स्थापना हुँदैमा संघीय शासन प्रणाली मुलुकमा आएको देखिन्छ तर व्यवहारिक अभ्यास केन्द्रीकृत छ । संवैधानिक प्रबन्धअनुसार, कानुन बनाउने काम संघीय संसदको हो । संसदलाई कानुन निर्माणको लागि विधेयक दिने काम सरकारको हो । कतिपय विधेयक संसदमै अड्केका छन्, धेरै त सरकारले विधेयकको मस्यौदा तयार गर्न सकेको छैन । संघीय निजामती ऐन नबन्दा कर्मचारी व्यवस्थापन अस्तव्यस्त भएको छ । प्रदेशले निजामति ऐन बनाउन सकेका छैनन्, जहाँ बनेको छ, त्यहाँ कार्यान्वयन हुन समस्या छ । कर्मचारी अभावले स्थानीय र प्रदेश सरकारहरुले नतिजामुखी काम गर्न सकेका छैनन् । संघीय प्रहरी ऐन नबन्दा प्रदेशमा प्रहरी समायोजनको काम अड्केको छ । प्रदेशको शान्ति सुरक्षाको जिम्मेवारी उसको एकल अधिकारको विषय हो । संघीय शिक्षा विधेयक संघीय संसदमा अड्कदा मुलुकको समग्र शिक्षा क्षेत्र अस्तव्यस्त छ ।

राष्ट्रिय सभाको विधायन समितिले गर्त वर्ष तयार गरेको बन्न बाँकी कानुनहरुको अध्ययन प्रतिवेदनअनुसार, संघीयता कार्यान्वयनका लागि ४० वटा महत्वपूर्ण कानुन छिटो बनाउनुपर्छ । समितिले त्यो प्रतिवेदन सरकारलाई बुझाएर संघीयता कार्यान्वयन गर्न ध्यानाकर्षण गराएको थियो ।

संवैधानिक प्रबन्धअनुसार कानुन बनाई संघीयता कार्यान्वयन गर्दा शासन प्रणाली विधिवत रुपमा संस्थागत हुन्छ । सेवा प्रवाह, विकास निर्माण जस्ता विषयलाई चुस्त बनाउन तहगत सरकारले अभ्यास गर्न पाउँछन् । अहिले राजनैतिक नेतृत्वले काम गर्नका लागि कानुनको अभाव छ, राजनैतिक नेतृत्वले सवैधानिक प्रबन्धअनुसार पाएको अधिकारको अभ्यास गर्नका लागि कानुनको अभावले समस्या भएको हो । अहिले प्रदेश सरकारप्रति नागरिकको अविश्वास गर्ने वातावरण उनीहरुले सरकारको अभ्यास गर्न नपाएकाले हो । सबैकामका लागि संघीय सरकारको भर पर्नुपर्दा प्रदेश किन चाहियो ? भन्ने प्रश्न उठ्नु अस्वभाविक होइन् ।

संघीय सरकारले शासन प्रणालीलाई संस्थागत गर्ने जिम्मेवारीलाई बेवास्ता गर्न हुन्न । प्रणाली संस्थागत नहुँदा हो व्यवस्थाप्रति प्रश्न उठ्ने र अराजकता बढ्ने । तसर्थ प्रणालीलाई बलियो बनाउन राज्यसंयन्त्रलाई प्रयोग गर । राजनैतिक नेतृत्वसँगै निजामति प्रशासन, प्रहरीलगायतलाई संघीय शासन प्रणाली अनुकुल बनाउन ध्यान देऊ ।

# लुम्बिनी प्रदेश सरकारका एक सय एक उपलब्धि



दलबहादुर गुरुङ

*खानेपानी, आवास, यातायात, भौतिक सुधारका कामहरु द्रुत गतिमा अघि बढेको कुरा एक सय एक उपलब्धिमा समाहित गरिएका छन् । जनतालाई सक्दो छिटो सेवा र आवश्यक राहत दिने कुरामा प्रदेश सरकार नचुकेको कुरा उल्लेख भएकै छन् । उर्जा, सिँचाइका बयान थुपै छन् । वन, वातावरण, जैविक विविधता संरक्षण र सरसफाइलाई प्राथमिकताका साथ कार्यान्वयनमा लैजान आफ्नो सरकार गतिशील भएर लागेको कुरा सुन्न, पढ्न र जान्न पाइयो । जनतालाई रोगी हुनबाट जोगाउँदै स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राख्नुपर्ने कुरामा जोडमात्र दिएको छैन,विविध खाले स्वास्थ्य सेवालाई जनताका घरदैलामा पुराउने खालका कार्यक्रमहरु समेत बनाइएको छ । प्रदेश सरकारले जनतालाई दिने स्वास्थ्य सेवा प्रभावकारी बनाउन पहल गरेको जानकारी समेत दिएको छ ।*

लुम्बिनी प्रदेश सरकारले सरकार सञ्चालनको सय दिन २०८१ को कार्तिक १४ गते मनायो । उसले आफ्नो एक सय एक उपलब्धिका बारेमा पत्रकारमार्फत् सबैलाई जानकारी गरायो । प्रमुख सचिवको अध्यक्षतामा सञ्चालित औपचारिक कार्यक्रमका प्रमुख अतिथि माननीय मुख्यमन्त्री थिए । अरु मन्त्रीहरु अतिथिका रुपमा आसिन थिए । कार्यक्रममा लोकसेवा आयोगका अध्यक्ष, योजना आयोगका उपाध्यक्ष, सदस्यहरु, प्रमुख न्यायाधिवक्ता, मन्त्रालयका सचिवहरु,सल्लाहकार, विज्ञहरु र पत्रकारहरुको विशेष उपस्थिति थियो ।

मुख्यमन्त्रीले आफ्नो सरकारद्वारा सय दिनमा गरेका वा चालेका कामहरुका बारेमा फेहरिस्त लगाए । सरकारले सुशासनमा जोड दिएको सुनाए । भ्रष्टाचारलाई रोक्न गरेका पहलहरु बताए । संघीयतालाई बलियो बनाउन गरेको पहलकदमीका बारेमा जानकारी गराए । प्रदेश र स्थानीय तहकाबिचमा समन्वय सहकार्य खाँचो रहेको सुनाए । केन्द्र सरकारसँग प्रदेशले आफ्नो अधिकार मागेको बताए । प्रदेशलाई दीगो बनाउनका लागि आफ्नो नीति, योजना, कार्यक्रमलाई कार्यान्वयन गर्न निरन्तर अग्रसर रहेको अवगत गराए ।

संघीयता नेपालमा आइसकेपछि, प्रदेशले जुन गति लिनुपर्थ्यो त्यो सम्भव देखिएन भन्ने आलोचकहरुको भनाइलाई मुख्यमन्त्रीका केही चिन्ता,चासोले पुष्टि गर्न खोजेको देखिन्थ्यो तर उनको भनाइमा संघले प्रदेशलाई हेर्नुपर्ने र गर्नुपर्ने काममा सहयोग कम गरेको प्रष्ट थाहा लाग्थ्यो । संघ, आफैं निरकुश बन्दै जाने र स्थानीय तह बढी स्वच्छन्द बन्दै जाने हो भने प्रदेश सरकार घर न घाटको बन्ने हो कि भन्ने स्वतन्त्र विश्लेषकहरुको ठम्याई छ । कतिपयले प्रदेश सरकारलाई कार्यकारी सरकार नभएर समन्वकारी सरकार भन्दै आएका छन् । यस्तो हो भने जिल्ला समन्वय समिति र प्रदेश सरकारका बीच के अन्तर भयो र ?

प्रदेशको आवश्यकता र औचित्यता प्रमाणित गर्न, प्रदेश सरकारलाई चुनौतीका रुपमा रहेको सबैलाई थाहा भएकै विषय हो । सोही विषयमा पाँच मिनेट मुख्यमन्त्रीले आफ्नो समय खर्चिएका थिए । प्रदेश सरकारले आफूलाई आफ्नै खुट्टामा उभ्याउन सक्नुपर्छ त्यसका लागि आम्दानीको स्रोत खोज्नुपर्ने देखिन्छ । केन्द्रले दिएको बजेट बाँडेरमात्र प्रदेश सरकार बलियो हुन नसक्ने उनको गतिलो तर्क थियो । त्यसैले आत्मनिर्भर प्रदेश गराउन सम्भव छ र आफूहरुले कृषि, उद्योग र पर्यटनमार्फत् प्रदेशलाई आफ्नो खुट्टामा आफैं टेक्ने खालको नीति, योजना, कार्यक्रम र कार्ययोजना तयार पारेका छाती पिटेर सुनाए । त्यसैले लुम्बिनी प्रदेश सरकारले, समृद्ध लुम्बिनीःआत्मनिर्भर प्रदेशको नारा नै घन्काएको छ ।

आफ्नो सरकारले तयार पारेका ऐन, विधेयक, नियमावली, कार्यविधि, निर्देशिकाले प्रदेशलाई गतिशील बनाउन सक्दो पहल गर्ने बताए । त्यसैलाई आधार मानेर प्रदेश सरकार बलियो हुने कुरामा आफू ढुक्क रहेको समेत सुनाए । सरकारले आफ्नो सेवा,सुविधालाई कम गर्ने,नागरिकलाई सेवा,सुविधा बढी दिने कुरामा ध्यान दिएको बताइरहे । यतिबेला सरकार आफ्नो काममा म्याराथुनका दाँजोमा दौडिरहेको पाउन सकिन्छ । सय दिनको परिणाम हेरिएको छ र बाँकी समयले नै देखाउने छ ।

भौतिक पूर्वाधारमात्र होइन, मानवीय विकासको क्षेत्रमा समेत प्रदेश सरकारले काम गर्नुपर्छ भनेर सोही अनुसार अघि बढिरहेको अवस्थामा प्रदेश योजना बैंक निर्माण र सूचना प्रणालीलाई चुस्तदुरुस्त बनाउँदै अघि बढ्ने कुरामा प्रदेश सरकारको पहलकदमी राम्रो देखिन्छ । यसो हुन सकेमा दीगो विकासका लागि प्रारम्भिक कार्यको गतिलो थालनी मान्न सकिने छ । आधारभूत र माध्यमिक शिक्षाको गुणस्तरीयता, उच्च शिक्षामा पहुँच र प्राविधिक एवम् जीवनोपयोगी शिक्षामा तीनै तहको सरकार अति नै संवेदनशील हुनुपर्ने देखिन्छ । त्यसका लागि प्रदेश सरकारले पुलको काम गर्न सकेमा उत्तम हुनेछ । माध्यमिक शिक्षापछि वैदेशिक शिक्षामा जाने प्रचलन नरोक्ने हो भने अबका केही वर्षहरुमा हाम्रा क्याम्पसहरुका भव्य भवनहरु भूत बंगालामा परिणत हुने कुरामा कसैको दुईमत रहने छैन । यसरी हामीले हेर्दा नेपालको उच्च शिक्षा समयसापेक्ष हुन नसकेको हो कि वैदेशिक शिक्षाले रोजगारीसहितको शिक्षा दिएका कारण उतैको आकर्षण बढाएको हो ? यसलाई मसिनो गरी खोज,अध्ययन र अनुसन्धान गर्नुपर्ने देखिन्छ । त्यसका लागि सरकारले शिक्षामा गर्ने खोज, अध्ययन र अनुसन्धानको ०.००५ प्रतिशत् बजेटलाई ह्वात्तै बढाउनु पर्ने देखिन्छ ।

वैदेशिक अध्ययनका लागि यसरी नै प्रश्रय दिँदै जाने हो भने नेपालको उच्चशिक्षाको अवस्था के, कस्तो होला ? के नेपालको पढाइ लेभल ठिक छैन, नेपालीहरुले गरिखाने शिक्षा दिन सक्दैनन् ? नेपालको विश्वविद्यालयहरुले दिने शिक्षा नेपालबाहेक अन्त कतै बिक्दैन ? नेपालको पाठ्यक्रम वा पढाउनेहरु नै काम नलाग्ने भएका हुन् त ? कि समयसापेक्ष वा माटो सुहाउँदो शिक्षा भएन नेपालमा ? यिनै विषयमा गम्भीर छलफलपछिको निचोडले नेपालको शिक्षामा परिवर्तन सम्भव छ । प्रदेश सरकार सोही अनुसार लाग्न सकेमा जाती हुने देखिन्छ ।

प्रदेश सरकारले देउखुरीमा प्रदेशको राजधानी बनाउनका लागि नदी सभ्यतासहितको आधुनिक सहर बनाउन गरेको पहलदेखि बुटवलमा सुविधनासम्पन्न एवम् आधुनिक लुम्बिनी प्रादेशिक अस्पताल बनाउन थालेको कुरालाई आफ्नो सय दिनको एकसय एक उपलब्धिमा समावेश गरेको छ । लुम्बिनी प्राविधिक विश्वविद्यालयलाई रोजगार एवम् जीवनोपयोगी शिक्षा दिने थलोको रुपमा विकास गर्न पहल गरेको समेत उल्लेख छ । प्रदेश सरकारका सबै मन्त्रालय र मातहतका कार्यालयमा समेत कम्प्यूटर सूचना प्रणालीलाई व्यवस्थित गर्दै समयसापेक्ष रुपमा सेवा दिन प्रदेश सरकार तयार छ भन्ने कुरालाई जोडबल दिइएको पाइन्छ । प्रदेशभित्र रहेका ऐतिहासिक, धार्मिक, पुरातात्विक, सांस्कृतिक र पर्यटकीय महत्व बोकेका स्थलहरुको प्रचारप्रसार गरी आम्दानीसँग जोड दिन थालिएको उल्लेख गरिएको छ ।

सरकार जनमुखी छभन्नका लागि प्रदेश सरकारको नीति, योजना, कार्यक्रम जनताकाबिचमा पुगेका छन् भन्ने अर्थमा लिन सकिन्छ । त्यतिमात्र होइन, जनताका घरदैलामा प्रदेश सरकारका प्रतिनिधिहरु पुगेका छन् र सुख, दुःखमा साथ दिँदै आएका छन् भन्ने मानेमा पनि लिन सकिन्छ । जनताका दैनानुदिन समस्या समाधानका उपायहरु लिएर पुगेका छन् भन्ने अर्थमा समेत लिन सकिन्छ । जनताका बोलीमा आफ्ना बोली मिसाएका छन् भन्ने अर्थमा पनि लिन सकिन्छ ।

खानेपानी, आवास, यातायात, भौतिक सुधारका कामहरु द्रुत गतिमा अघि बढेको कुरा एक सय एक उपलब्धिमा समाहित गरिएका छन् । जनतालाई सक्दो छिटो सेवा र आवश्यक राहत दिने कुरामा प्रदेश सरकार नचुकेको कुरा उल्लेख भएकै छन् । उर्जा, सिँचाइका बयान थुपै छन् । वन, वातावरण, जैविक विविधता संरक्षण र सरसफाइलाई प्राथमिकताका साथ कार्यान्वयनमा लैजान आफ्नो सरकार गतिशील भएर लागेको कुरा सुन्न, पढ्न र जान्न पाइयो । जनतालाई रोगी हुनबाट जोगाउँदै स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राख्नुपर्ने कुरामा जोडमात्र दिएको छैन,विविध खाले स्वास्थ्य सेवालाई जनताका घरदैलामा पुराउने खालका कार्यक्रमहरु समेत बनाइएको छ । प्रदेश सरकारले जनतालाई दिने स्वास्थ्य सेवा प्रभावकारी बनाउन पहल गरेको जानकारी समेत दिएको छ ।

कृषि, पर्यटन र उद्योगलाई अघि नबढाएसम्म प्रदेशको समृद्धि सम्भव नभएको देख्ने प्रदेश सरकारले कृषिमा दिने अनुदान, सहयोग, प्राविधिक ज्ञान, सीप, बीउबिजनका कुरा समेत गरेको छ । पर्यटनमार्फत् समृद्धिको सपना बुनेको छ । उद्यमशीलतामार्फत् जनतालाई गरीखान सिकाउने योजना र कार्यक्रम तय गरी कार्यान्वयनको तहमा पुगेको छ । युवाहरुलाई उद्यमसँग जोड्दै जाने कार्यक्रम तय गरेको छ ।

समग्रमा लुम्बिनी प्रदेश सरकार ः समृद्धिको मूल आधार हुन सक्छ, सिङ्गो सरकारलाई पनि । त्यसैले लुम्बिनी प्रदेश सरकारले आफूलाईमात्र आत्मनिर्भर बनाएर पुग्दैन । यसले देशको विकासमा आफ्नो गतिलो योगदान प्रदान गर्नुपर्ने बेला आएको छ । प्रदेश सरकारले कानुनी राज्य स्थापना, प्रदेश सरकारको निर्णयलाई सतप्रतिशत् कार्यान्वयन, जनमुखी निर्णय र प्रभावकारी कार्यान्वयनमा सरोकारवाला सबैलाई अघि लिएर बढ्नुपर्ने बेला आएको छ । सरकार,कर्मचारी, जनता सबैको चासो नै लुम्बिनी प्रदेशको एकीकृत विकास र समृद्धि नै हो । लुम्बिनी प्रदेश सरकारले सय दिनमा देखाएका केही सकारात्मक सन्देशहरुले जनता केहीमात्रा भए पनि प्रदेश सरकारसँग आशामुखी छन् । यो सरकारले केही जनमुखी काम गर्छ भन्ने मनमा राखेका छन् । केहीमात्रामा भए पनि सरकारप्रति विश्वास जागृत भएको छ । यस्तै कामको खाँचो छ । जनताले सरकारलाई दिनपर्ने र गर्नपर्ने काममा सहयोग गर्ने पवित्र भाव राखेका छन् । यो नै प्रदेश चाहिन्न र काम लाग्दैन भन्नेहरुका लागि गतिलो झापड भएको छ ।

सरकारका लागि सय दिन केवल कामको सुरुआती दिन हो । सन्देश दिने समय हो । सकारात्मक भाव निर्माण गर्न पहल गर्ने क्षण हो । यो त सरकार र जनताबिचको परिचयात्मक अवधि हो । हजार माईल यात्राको पहिलो पाइला हो ।

सरकारले सय दिनमा सबै काम गर्‍यो । सबै उल्लेखनीय काम नै भए भनेर भन्ने बेला आएको छैन । उसको गतिशीलतालाई उत्तम मान्न सकिन्छ, तर यो नै हाइस्पीड हो भन्न सकिन्न । छनक राम्रो छ । यो नै काफी छ भन्नु गतिशीलतामा पूर्णबिराम लगाउनु सरह हो । कतिपयले झिनामसिना कामलाई पनि एक सय एक उपलब्धिमा समावेश गरेकोमा व्यङ्ग्य कसेका थिए । सरकारको आलोचना गरेका थिए । सरकार अभिभावक हो । व्यङ्ग्य र आलोचनाले आफूअघि जाने बाटो झन् स्पष्ट भएको ठान्नुपर्छ । यो नै सरकारको खास कर्तव्य हो । लुम्बिनी सरकार थप उपलब्धि हासिल गर्ने यात्रामा छ । सय दिनको कामले यही सुनौलो सन्देश प्रवाह गर्न सक्षम भएको छ ।

# नेप्से परिसूचक ३३ अङ्कले बढ्यो



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक मंगलबार ३३ दशमलव ४१ अङ्कले बढेर दुई हजार सात सय १६ दशमलव ६६ कायम भएको छ । परिसूचक एक दशमलव २४ प्रतिशतले बढेको हो ।

तीन सय १२ कम्पनीको एक करोड ४२ लाख ९२ हजार सात सय ४२ कित्ता शेयर ७५ हजार पाँच सय ७२ पटक खरिदबिक्री हुँदा रु सात अर्ब ४४ करोड ९८ लाख ९८ हजार नौ सय ८७ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

बैंकिङ एक दशमलव २०, विकास बैंक शून्य दशमलव ४९, वित्त समूह एक दशमलव ५१, होटल तथा पर्यटन शून्य दशमलव ६४, जलविद्युत् एक दशमलव ९७ र लगानी समूह एक दशमलव १३ प्रतिशतले बढेको छ । त्यस्तै, जीवन बिमा एक दशमलव ०२, उत्पादन तथा प्रशोधन एक दशमलव ०८, लघुवित्त शून्य दशमलव ८५, म्युचुअल फन्ड शून्य दशमलव २३, निर्जीवन बिमा शून्य दशमलव ८१, व्यापार एक दशमलव २९ र अन्य समूह एक दशमलव ६८ प्रतिशतले बढेको छ ।

सपोर्ट माईक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड, युनाइटेड आईडिआई मर्दी हाइड्रोपावर लिमिटेड र कुथेली बुखरी स्मल हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । थ्रीस्टार हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै नेपाल फाइनान्स लिमिटेडको रु ४५ करोड ७८ लाख बराबरको कारोबार भएको छ । खरिदबिक्री भएका शेयरका आधारमा सबैभन्दा धेरै ङादी ग्रुप पावर लिमिटेडको छ लाख ८८ हजार दुई सय ३६ कित्ता शेयर किनबेच भएको छ ।

# देउसी भैलोमा संकलन रकमबाट विद्यार्थीहरूलाई न्यानो कपडा वितरण

भोजेन्द्र नेपाली

*बुटवल*



गुल्मी जिल्लाको एक समूहले देउसी भैलोबाट संकलित रकमबाट विद्यार्थीहरूलाई न्यानो कपडा (स्विटर) वितरण गरेको छ। जिल्लाको इस्मा गाउँपालिका वडा नं. ६ को भलापाट टोल सुधार समिति (देउसी भैलो समूह)ले देउसी भैलोबाट संकलन रकमबाट विद्यार्थीहरूलाई न्यानो कपडा(स्विटर) तथा शैक्षिक सामग्री वितरण गरेको हो ।

सोमबार भलापाट टोल सुधार समिति (देउसी भैलो समूह) को आयोजनामा देवीस्थान आधारभूत विद्यालयका नर्सरीदेखि कक्षा ५ सम्मका ६० जना विद्यार्थीहरूलाई न्यानो कपडा (स्विटर)वितरण तथा जेहन्दार एवं विपन्न ९ जना विद्यार्थीहरूलाई शैक्षिक सामग्री समेत प्रदान गरिएको छ। कार्यक्रमको अध्यक्षता विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष तथा हालका कार्यसमिति सदस्य मानबहादुर बोहोराले गरेका थिए । उनले “सहयोगी भावना र सामाजिक उत्तरदायित्वले मात्र समृद्ध समाजको निर्माण सम्भव रहेकाले भलापाट टोल सुधार समितिलाई धन्यवाद दिएका थिए ।

कार्यक्रम वडा अध्यक्ष ढालबहादुर कुँवरको प्रमुख आतिथ्यतामा सम्पन्न भयको थियो ।कार्यक्रमका प्रमुख अतिथि वडा अध्यक्ष कुवँरले “समाजमा सकारात्मक परिवर्तन ल्याउने यस्ता प्रयासलाई वडा कार्यालयको तर्फबाट पूर्ण समर्थन र सहयोग रहिरहेको र वडाको तर्फबाट गुणस्तरीय शिक्षा प्रदानको लागि विभिन्न योजनाहरु अगाडि बढाइदै आएको बताउँदै भलापाट टोल सुधार समिति र सम्पूर्ण सहयोगीहरूलाई यस कार्यमा समर्पणका लागि धन्यवाद व्यक्त गरेका थिए ।

कार्यक्रमको विशिष्ट अतिथि रहेका इस्मा-६ का पूर्व वडा अध्यक्ष तथा विव्यसका पूर्व अध्यक्ष हिराबहादुर जिसीले देउसी भैलोबाट संकलित रकमको सदुपयोग गर्दै विद्यार्थीलाई न्यानो कपडा तथा शैक्षिक सामग्री वितरण गर्ने कार्य अत्यन्तै सराहनीय काम रहेको भन्दै यस्ता कार्यक्रमहरूले विद्यार्थीहरूको शैक्षिक विकासमा मात्र नभई सामाजिक एकता र सहकार्यको भावना बढाउन महत्वपूर्ण भूमिका खेल्ने भन्दै भलापाट टोल सुधार समितिलाई यो प्रेरणादायी कार्यका लागि धन्यवाद तथा आगामी दिनमा थप सफलताको शुभकामना व्यक्त गरे ।

त्यस्तै विशिष्ट अतिथिकै रुपमा रहेका विद्यालयका प्रधानाध्यापक लोकनाथ पाण्डेले यो कार्यक्रमले विद्यार्थीहरूमा शैक्षिक तथा सामाजिक प्रेरणा जगाउनुका साथै सहयोगी भावना विकास गर्न महत्वपूर्ण योगदान पुऱ्याएको बताउँदै देउसी भैलो समूह र सबै सहयोगदाताहरूलाई यस सफल प्रयासका लागि विद्यालयको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गरेका थिए । त्यस्तै देउसी भैलो समूहका संयोजक तथा कार्यक्रममा अतिथि भोजेन्द्र नेपालीले कार्यक्रमबारे स्पष्ट पार्दै भने-‘जसले हाम्रो देउसी-भैलो कार्यक्रममा साथ र सहयोग गर्नु भयो उहाँहरुको समर्थन बिना यो सम्भव नरहेको र देउसी भैलो खेलेर खानपान र मनोरञ्जनमा पराम्परागत रुपमा हुने खर्चलाई कटौती गर्दा यो चिसो मौसममा विद्यार्थीहरुलाई केही राहत हुने हुँदा सानो प्रयास गरिएको हो ।’ उनले विद्यालय र कार्यक्रममा उपस्थिति सम्पूर्णमा धन्यवाद व्यक्त गरेका थिए । अन्य अतिथिहरूमा टोपबहादुर महत, ताराबहादुर महत, चन्द्रबहादुर महत, बलबहादुर महत, खगेन्द्र नेपाली, रामबहादुर नेपाली, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा अभिभावकज्यूहरूको उत्साहजनक उपस्थिति रहेको थियो । सोही कार्यक्रममा स्थानीय समाजसेवी बलबहादुर महतले स्वर्गीय श्रीमती नमकुमारी महतको सम्झनामा विद्यालयलाई रु दश हजार पाँच आर्थिक सहयोग गरेका थिए ।

## विद्युत्...

२०७२ माघदेखि २०७५ वैशाखसम्म उद्योगहरूले विद्युत उपभोग गरेको दिन र अवधि यकिन गरी पुनः गणना गरेर मात्रै महसुल लिन पाउने सिफारिस गरिएको छ।

यो आयोगको सिफारिस कार्यान्वयन गर्ने निर्णय मन्त्रिपरिषद्ले २७ वैशाख २०८१ मा गरेको थियो । त्यसबारे तत्कालीन मुख्य सचिव बैकुण्ठ अर्यालले फरक बेहोराका दुई पत्र ऊर्जा मन्त्रालयमा पठाएका थिए।

दोस्रो पत्रका आधारमा विद्युत् प्राधिकरणले पुनः महसुल गणना नै नगरी पुरानै बिलका आधारमा बक्यौता उठाउन उद्योगीहरूलाई पत्राचार गरेपछि विवाद फेरि बल्भियो।

उद्योगीहरूले बिलको आधार र टीओडी मिटरको तथ्यांक उपलब्ध नगराईकन महसुल नतिर्ने अडान राख्दै आएका छन् । त्यसपछि प्राधिकरणले २५ असारमा ६ वटा ठूला उद्योगको लाइन काटिदिएको थियो। प्राधिकरणले ज्यादती गरेको भन्दै बाँकी उद्योगका सञ्चालकहरूले आफैं लाइन काटेका थिए।

प्राधिकरण र ग्राहकबीच विवाद कायमै रहेको अवस्थामा लाइन काट्न नमिल्ने भन्दै विद्युत् नियमन आयोगले ६ साउनमा पत्र पठाएपछि प्राधिकरणले ८ साउनमा उद्योगहरुमा लाइन जोडिदिएको थियो।

तर, २४ असोजमा पुनः सूचना जारी गर्दै १५ दिनभित्र बक्यौता नतिरे कानूनबमोजिम कारबाही हुने प्राधिकरणले जनाएको थियो । त्यो म्याद सकिएपछि कार्यकारी निर्देशक घिसिङ्ले ८ कात्तिकबाट रातीबाट भकाभक लाइन काटेका थिए।

२५ कात्तिकको मन्त्रिपरिषद् बैठकले १५ दिनभित्र टीओडी मिटरका आधारमा उद्योगीहरुसँग विवादित बक्यौता अशुल गर्ने र २४ घन्टाभित्र काटिएको लाइन जोडिदिने निर्णय गरेको थियो । लाल आयोगको प्रतिवेदन सार्वनजनिक गर्ने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको थियो।

त्यसअनुसारको पत्र उर्जा मन्त्रालय हुँदै नेपाल विद्युत प्राधिकरणमा पुगेपछि सञ्चालक समितिको २७ कात्तिकको बैठकले काटिएको लाइन जोड्ने निर्णय गरेको थियो । मन्त्रिपरिषद्को निर्णय हुबहु राखेर प्राधिकरणको बोर्ड बैठकले निर्णय गरे पनि बक्यौता अशुल गर्न भने पुरानै बिल राखेर ताकेता गरिएको थियो।

मन्त्रिपरिषद्को निर्णय पनि प्राधिकरणले कार्यान्वयन नगरेको भन्दै उर्जा मन्त्रालयले महसुल गणना तथा प्रमाणीकरणका लागि भन्दै ३ मंसिरमा राष्ट्रिय योजना आयोगका पूर्वसदस्य प्रा.डा. अरबिन्दकुमार मिश्रको संयोजकत्वमा एक प्राविधिक समिति गठन गरेको थियो।

प्राविधिक समितिले ९ कात्तिकमा काम शुरु गरिसकेको भन्दै विद्युत नियमन आयोगले त्यसले काम सम्पन्न नगरुञ्जेलका लागि बिजुलीको लाइन नकाट्न नेपाल विद्युत् प्राधिकरणलाई निर्देशन दिने निर्णय ११ मंसिरमा गरेको छ।

प्राधिकरणले बुटवल-भैरहवा कोरिडोरका उद्योगबाट ४१ करोड बढी बक्यौता रहेको भन्दै महसुल तिर्न पत्राचार गरेको छ। तर यहांका उद्योगीहरुले आफूहरुले ट्रकलाइन माग र खपत दुबै नगरेको दावी गर्दै आएका छन्। विद्युत प्राधिकरणले भार मिलान गर्ने क्रममा आफूहरुलाई जबरजस्ती ट्रंकलाइन प्रयोग गरेको दावी गरेर महंगो महसुल उठाउन खोजेको उद्योगीहरुको दावी छ । विद्युत नियमन आयोगको यो निर्णयले आफूहरुलाई राहत मिलेको पञ्चकन्या समूहका महाप्रवन्धक देवेन्द्र साहूले बताए । 'ट्रंकलाइन विद्युत माग गरेको र खपत गरेको प्रमाण (टिओडी) देखाए हामी तिर्न तयार छौं, तर प्राधिकरणले माग र खपत नगरेको लाइनको महसुल जबरजस्ती तिराउन खोजेर उद्योगीलाई बद्नाम गर्न खोजेको थियो, आयोगको निर्णयले उद्योगीलाई राहतको महसुस गराएको छ'-साहूले भने।

# रुपन्देहीलाई तस्करीरहित जिल्ला बनाउने अटोठ छ : प्रजिअ घिमिरे

तिलोत्तमा। रुपन्देही जिल्लाका प्रमुख जिल्ला अधिकारी बसुदेव घिमिरेले रुपन्देहीलाई तस्करीरहित जिल्ला बनाउने अटोठका साथ काम गरिरहेको बताएका छन् । जिल्लाका राजनीतिक दल, निजी क्षेत्र र सामाजिक संघ संस्थाको साथ र सहयोग मिले रुपन्देहीलाई तस्करी मुक्त बनाउन सम्भव रहेको उनले बताए।

तिलोत्तमा उद्योग वाणिज्य संघले प्रजिअको सम्मानमा आयोजना गरेको स्वागत तथा भेटघाट कार्यक्रममा बोल्दै प्रजिअ घिमिरेले यसका लागि आफूले शून्य सहनसिलताको नीति अवलम्बन गर्ने बताए। आफ्नो कार्यकालमा व्यापारिक र व्यवसायिक क्षेत्रमा धमिलोपन आउन नदिने प्रतिबद्धता जनाउँदै उनले पेशागत मर्यादाभित्र रहेर पेशा व्यवसाय ढुक्कसँग सञ्चालन गर्न आग्रह गरे।

तिलोत्तमा नगरपालिका प्रमुख रामकृष्ण खाँणले प्रमुख जिल्ला अधिकारीको अभियानमा सबैको साथ र सहयोग रहने विश्वास दिलाए। उनले अन्तर्राष्ट्रिय उडानसङ्गै यस क्षेत्रका होटेल रेष्टुरेण्ट रातभर सञ्चालन हुनु पर्ने भन्दै प्रहरी प्रशासनलाई भरपर्दो शान्ति सुरक्षाको प्रबन्ध मिलाउन आग्रह गरे।

तिलोत्तमा उद्योग वाणिज्य संघका अध्यक्ष ज्ञानेन्द्र कार्कीले तिलोत्तमामा निजी क्षेत्रको अग्रणी संस्था यस संघले यस क्षेत्रका उद्योगी व्यवसायीलाई संगठित गर्दै पेशागत हकहितका लागि काम गर्दै आएको बताए।

कार्यक्रममा संघका वरिष्ठ उपाध्यक्ष सुरज पङ्गेनी, सल्लाहकार चन्द्रमान श्रेष्ठ, महासचिव राजकुमार पान्डेलगायतले ढुक्कसँग पेशा व्यवसाय गर्ने वातावरण निर्माणका लागि पहल गरिदिन आग्रह गरे।

## श्री दिपेन्द्र आधारभूत विद्यालय चन्द्रगंज सेमरी

**सुस्ता-५, पकलिहवा, नवलपरासी**

## शिक्षक आवश्यकता सम्बन्धमा।

प्रस्तुत विषयमा सुस्ता गा.पा. वार्ड नं. ५ न.प. मा रहेको दिपेन्द्र आ. बि. चंद्रगन्ज सेमरीको मिति २०८१/०७/२८ को वि.व्य.स. को निर्णय तथा सुस्त गा.पा. को मिति २०८१/०८/०९ को च. नं. ६१६ को अनुमति पत्रानुसार गा.पा.अनुदान नि.मा.वि. तह गणित र अंग्रेजी विषयमा करार शिक्षक आवश्यक भएकोले १८ वर्ष पूरा भै ४० वर्ष ननागेको इच्छुक नेपाली नागरिकबाट तपसिल अनुसारका आवश्यक कागजातका प्रतिलिपि सहित मिति २०८१/०८/२६ भित्र दरखास्त आव्हान गरिन्छ।

| | बिज्ञापन नं. | ०१ | ०२ |
|---|---|---|---|
| क्र.सं. | विषय | गणित | अंग्रेजी |
| १ | पद/संख्या | शिक्षक १ (एक) | शिक्षक १ (एक) |
| २ | तह | नि.मा. | नि.मा. |
| ३ | योग्यता | सम्बन्धित विषयमा +२ वा सरह | सम्बन्धित विषयमा +२ वा सरह |
| ४ | परीक्षाको किसिम | लिखित, मौखित र प्रयोगात्मक | लिखित, मौखित र प्रयोगात्मक |
| ५ | दरखास्त दस्तुर | १०००/ | १०००/ |

६. नेपाली नागरिकताको प्रतिलिपि
७. शैक्षिक योग्यताको प्रतिलिपि
८. निरोगिता प्रमाण पत्रको प्रतिलिपि
९. शिक्षण अनुमति पत्रको प्रतिलिपि
१०. दरखास्त दिने अन्तिम मिति : २०८१/०८/२७ गते कार्यालय समय भित्र
११. सम्पर्क मिति २०८१/०८/२८
१२. परीक्षा मिति सम्पर्क मितिमा तोकिने छ।
१३. तलव स्केल : २०००० / ( गा.पा. को नियम अनुसार )

नोट : थप जानकारीको लागि विद्यालयमा वा मोबाइल नं ९८४७३२२५४९, ९८४६६०८५१०, ९८५७०४६३६६

हरिन्द्र यादव
वि.व्य.स. अध्यक्ष

काशिराम अर्याल
प्र.अ.

## निवृत्तभरण पासबुक हराएको सूचना

मेरो निम्न विवरण भएको निवृत्तभरण पासबुक यही मिति २०८१/०७/१५ गते रामग्रामदेखि भैरहवा जाँदै गर्दा बाटोमा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला।

**नाम** : **विष्णुहरि नेपाल**
**ठेगाना** : **रामग्राम न.पा., नवलपरासी**
**निवृत्तभरण पासबुक नं.** : २०२१२१८
**संकेत नं.** : १२२३०१
**सम्पर्क** : ९८४७०४१०८२

## सच्याइएको

मिति २०८१।०८।११ गते यस राष्ट्रिय दैनिक लुम्बिनीमा प्रकाशित नेपाल रेडक्रस सोसाइटी रुपन्देही जिल्ला शाखाको कोटेशन आह्वान सम्बन्धी सूचनाको शर्त नम्बर एकमा मिति २०८१ मंसिर १७ गतेसम्म हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ।

## श्री सरस्वती माध्यमिक विद्यालय

**कावासोती – १७, नवलपरासी (व.सु.पू.) गण्डकी प्रदेश नेपाल**

## क्याटलक सपिंग विधिबाट विद्यालय बस खरिद सम्बन्धी सूचना।

सूचना नं. १/ २०८१ / ०८२

(दोस्रो पटक प्रकाशित मितिः २०८१/०८/१२)

उपरोक्त सम्वन्धमा यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८१।०५।१८ गतेको निर्णय र कावासोती नगरपालिकाको च.नं. १२०८ मिति २०८१ ।०७।२६ गतेको अनुमति पत्रानुसार विद्यालयका निम्ती आवश्यक सवारी साधन (स्कुल वस) सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ उपदफा १ को खण्ड (क) (८) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) बमोजिम विद्यालय वस उत्पादन वा वितरण गर्ने उत्पादक वा त्यसको आधिकारिक विक्रेताहरुविच मात्र प्रतिस्पर्दा गराउने क्याटलक सपिंग विधिवाट खरिद गर्नुपर्ने भएकाले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) को उपनियम (२) अनुसार देहाय बमोजिमको विद्यालय वस विक्री गर्न चाहने उत्पादन वा वितरण गर्ने उत्पादक वा त्यसको आधिकारिक बिक्रेताहरुले आ-आफ्नो उत्पादनको आधिकारिक स्पेशिफिकेशन, गुणस्तर, मुल्य र सुविधा सहितको विवरण (क्याटलक वा व्रोसर) र बिक्रेताको आधिकारिक अनुमति पत्र सहित, निवेदन, दर्ता प्रमाण-पत्र, आवश्यक समयसम्मको कर चुक्ता, नविकरण भएका प्रमाण-पत्रको प्रतिलिपीहरु संग्लन राखि यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विद्यालयमा शिलवन्दि प्रस्ताव दर्ता गराउनको लागि सम्वन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ। साथै विद्यालय वसको स्पेशिफिकेशन सहितको थप जानकारी आवश्यक परेमा विद्यालयको फेसवुक पेज www.fb.com/saraswati secondaryschool वा फोन नं. ९८४४९७८७४१, ९८४९३३६४८९, ९८४७०८९२६८ मा सम्पर्क गर्न सकिनेछ।

**खरिदको विवरण**

| सि.नं. | स्कुल वस | इकाई | कैफियत |
|---|---|---|---|
| १. | 40+D Seater (School Bus) | १ | स्वीकृत Technical Specification को लागि यस विद्यालयको फेसवुक पेज www.fb.com/saraswatisecondary school मा हेर्न सकिनेछ। सम्पर्क नं. ९८४४९७८७४१/९८४९३३६४८९/ ९८४७०८९२६८ Email: saraswatisecondaryschool2022@gmail.com |

**प्रधानाध्यापक**

## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला थानपती गा.वि.स. वडा नं. ०६ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, रुरुक्षेत्र गा.पा. वडा नं. ०४, बस्ने श्री नाम थाहा नभएकाको नातिनी श्री रुद्रवीर सार्कीको छोरी श्री थाने सार्कीको पत्नी बर्ष ७९ की श्रीमती सावी सर्केनी भन्ने खिनी सार्की (नागरिकता नं. १७०५३ जि.प्र.का गुल्मी मिति २०४५/०२/०४ मा जारी भई मिति २०७६/१०/१२ मा प्रतिलीपी जारी) को मिति २०८०/१२/२१ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०५३२५ मा भएको रकम भुक्तानी पाउँभनि निजको छोरा श्री बम बहादुर नेपालीले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्रीमती सावी सर्केनी भन्ने खिनी सार्की (नागरिकता नं. १७०५३ जि.प्र.का गुल्मी मिति २०४५/०२/०४ मा जारी भई मिति २०७६/१०/१२ मा प्रतिलीपी जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**नेपालएसबिआई बैंक लि.**
**गुल्मीशाखा, गुल्मी**
**फोन ०७९-५२१०२९,**
**फ्याक्स ०७९-५२११९४**

## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला थानपती गा.वि.स. वडा नं. ०६ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, रुरुक्षेत्र गा.पा. वडा नं. ०३, बस्ने श्री नाम थाहा नभएकाको नातिनी श्री टोप बहादुर सार्कीको छोरी श्री बल बहादुर सार्कीको पत्नी बर्ष ८५ की श्रीमती देव कुमारी भन्ने देव कुमारी सार्की (नागरिकता नं. ५८६० जि.प्र.का गुल्मी मिति २०४६/०१/०५ मा जारी) को मिति २०८१/०३/२३ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०३७८२ मा भएको रकम भुक्तानी पाउँभनि निजको छोरा श्री ऐते सार्कीले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्रीमती देव कुमारी भन्ने देव कुमारी सार्की (नागरिकता नं. ५८६० जि.प्र.का गुल्मी मिति २०४६/०१/०५ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**नेपालएसबिआई बैंक लि.**
**गुल्मीशाखा, गुल्मी**
**फोन ०७९-५२१०२९,**
**फ्याक्स ०७९-५२११९४**

## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला गौडाकोट गा.वि.स. वडा नं. ०१ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, गुल्मीदरवार गा.पा. वडा नं. ०३, गौडाकोट बस्ने श्री जगरुप थापाको नाति श्री टेक बहादुर थापाको छोरा श्रीमती बिनाकला थापाको पती बर्ष ८७ को श्री भोवान बहादुर क्षेत्री भन्ने भुवन बहादुर थापा (नागरिकता नं. २१२१ जि.प्र.का गुल्मी मिति २०४२/०३/३१ मा जारी भई मिति २०७५/०१/२५ मा प्रतिलीपी जारी) को मिति २०८१/०४/२७ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०४४४२ मा भएको रकम भुक्तानी पाउँभनि निजको छोरा श्री दिपक थापाले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्री भोवान बहादुर क्षेत्री भन्ने भुवन बहादुर थापा (नागरिकता नं. २१२१ जि.प्र.का गुल्मी मिति २०४२/०३/३१ मा जारी भई मिति २०७५/०१/२५ मा प्रतिलीपी जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**नेपालएसबिआई बैंक लि.**
**गुल्मीशाखा, गुल्मी**
**फोन ०७९-५२१०२९,**
**फ्याक्स ०७९-५२११९४**

## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला नयाँगाउ गा.वि.स. वडा नं. ०१ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, धुर्कोट गा.पा. वडा नं. ०१, बस्ने श्री देउमनी आचार्याको नातिनी श्री हिमलाल खनालको छोरी श्री गोपि राज खनाल भन्ने नारायण प्रसाद शर्माको पत्नी बर्ष ८१ की श्रीमती भुमा देवी भन्ने भुमा देवी खनाल (नागरिकता नं. ५११ जि.प्र.का गुल्मी मिति २०४४/१०/१७ मा जारी) को मिति २०८१/०३/२० गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०४५२५ मा भएको रकम भुक्तानी पाउँभनि निजको छोरा श्री नरेन्द्र प्रसाद खनालले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्रीमती भुमा देवी भन्ने भुमा देवी खनाल (नागरिकता नं. ५११ जि.प्र.का गुल्मी मिति २०४४/१०/१७ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला। उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**नेपालएसबिआई बैंक लि.**
**गुल्मीशाखा, गुल्मी**
**फोन ०७९-५२१०२९,**
**फ्याक्स ०७९-५२११९४**

**Government of Lumbini Province**
**Ministry of Energy,Water Resources & Irrigation**
**Water Resources and Irrigation Development Division Office**
**Arghakhanchi**

## Invitation for Online Sealed Quotation

Date of Publication: 2081/08/12 (27/11/2024)

1. Water Resources and Irrigation Development Division Office, Arghakhanchi invites electronic bids from eligible bidders

| S. N. | Contract No. | Description of works | Estimated Amount including VAT | Bid Security Amount (NRs.) | Fee for Bid document (NRs.) | Last Date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | WIDDARG/ SQ-15/ 081-82 | Construction of Canal & Canal structure Works at Shitganga 3&4 | 1919390.00 | 48,000.00 | 1000.00 | 12/12/2024 12:00 hrs | 27/12/2024 14:00 hrs |

Date of 2ndPublication: 2081/08/12 (27/11/2024)

| S. N. | Contract No. | Description of works | Estimated Amount including VAT | Bid Security Amount (NRs.) | Fee for Bid document (NRs.) | Last Date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | WIDDARG /SQ-09/ 081-82 | Construction of RCC Canal Works at Chhatradev-03, Arghakhanchi | 959497.83 | 23,000.00 | 1000.00 | 12/12/2024 12:00 hrs | 27/12/ 2024 14:00 hrs |
| 2 | WIDDARG /SQ-10/ 081-82 | Construction of RCC Canal Works at Chhatradev-05, Arghakhanchi | 1439189.04 | 35,000.00 | 1000.00 | 12/12/2024 12:00 hrs | 27/12/ 2024 14:00 hrs |
| 3 | WIDDARG /SQ-13/ 081-82 | Construction of Canal & Canal structure Works at Panini 05, Arghakhanchi | 1439087.57 | 35,000.00 | 1000.00 | 12/12/2024 12:00 hrs | 27/12/ 2024 14:00 hrs |
| 4 | WIDDARG /SQ-14/ 081-82 | Construction of Canal & Canal structure Works at Panini-03 & 5, Arghakhanchi | 1726387.04 | 42,000.00 | 1000.00 | 12/12/2024 12:00 hrs | 27/12/ 2024 14:00 hrs |

2. Further Detail regarding the Notice of Invitation for Bids, interested bidders is requested to visit the office of WRIDDO,Arghakhanchi or the e-gp portal www.bolpatra.gov.np/egp.

**Division Chief**


## ट्वाइलेट सफा गराउनुहोस्

**तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।**

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्भनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

**सम्पर्कः**
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



**प्रो. रामशाह शाहानी**
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

**सम्पर्कः**
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
**फोनः ९८५७०५८८१३,९८०७१८०८१३**

# ३१औं न्यू होराइजन प्रदेशस्तरीय हाजिरीजवाफ प्रतियोगिता हुँदै



बुटवल। न्यू होराइजन मावि बुटवलको आयोजनामा ३१औं संस्करणको प्रदेशस्तरिय हाजिरीजवाफ प्रतियोगिता यही मंसिर १४ गतेदेखि सुरु हुने भएको छ। २०५० सालमा जिल्लास्तरीयबाट सुरु भएको प्रतियोगिता निरन्तररुपमा अञ्चलस्तरीय हुँदै गत वर्षदेखि प्रदेशस्तरीय हुन थालेको हो । प्रथम चरणको छनोट प्रतियोगिता मंसिर १४ गते दाङको लमही, पाल्पाको तानसेन र बुटवलमा एकै दिन हुने छन् । लमही केन्द्रमा दाङ, रोल्पा, बाँके र बर्दियाका विद्यालय सहभागी हुनेछन् । यस्तै पाल्पा केन्द्रमा पाल्पा, गुल्मी र अर्घाखाँचीका विद्यालय सहभागी हुने छन् भने बुटवल केन्द्रमा रूपन्देही, नवलपरासी र कपिलवस्तुका सय बढी विद्यालयको सहभागिता हुने विद्यालयका प्राचार्य लोकनाथ उपाध्यायले बताए। प्रत्येक केन्द्रमा हिट राउण्डबाट ६ वटा विद्यालय सेमी फाइलनमा प्रवेश गर्ने छन् ।

सेमी फाइलनलमा प्रत्येक केन्द्रमा प्रथम पुरस्कार ९ हजार, द्वितीय पुरस्कार ६ हजार, तृतीय पुरस्कार ४ हजार पाँच सय र सिल्ड, ट्रफी र प्रमाण पत्र प्रदान गरिने प्राचार्य उपाध्यायले जानकारी दिए।

फाइनल राउन्डको मिति पछि जानकारी गराइने छ । न्यू होराइजन मा.वि. बुटवल देवीनगरमा हुने फाइनलमा प्रत्येक केन्द्रबाट सेमी फाइनलमा प्रथम र द्वितीय गरी ६ विद्यालयले उपाधिका लागि प्रतिस्पर्धा गर्ने छन् । प्रतियोगितामा प्रथम हुने विद्यालयले प्रथम पुरस्कार ४० हजार, द्वितीय हुनेले २५ हजार र तृतीय हुनेले २० हजार नगद तथा सिल्ड, ट्रफी र प्रमाण पत्र पाउने विद्यालयका प्राचार्य उपाध्यायले जानकारी दिए।

यस्तै विभिन्न केन्द्रमा सम्पन्न कार्यक्रमबाट फाइनल चरणमा सहभागी विद्यार्थीलाई पनि आयोजक विद्यालयले यातायात खर्च उपलब्ध गराउने छ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ज्ञानेन्द्र कसजूले निजी लगानीमा स्थापित न्यू होराइजन माविले गुणस्तरीइ शिक्षासँगै खेलकुद, अतिरिक्त क्रियाकलाप, लोकदोहारी प्रतियोगिता आयोजना गरेर लोक संस्कृतिको जगेर्नाका लागि समेत योगदान गरेको बताए । उनले बुटवलका विद्यार्थीहरुलाई विभिन्न खेल प्रतियोगिताका लागि सरकारीस्तरको सुविधासम्पन्न खेल मैदानको अभाव रहेकाले स्थानीय सरकारको ध्यान त्यसतर्फ जानुपर्ने सुझाव दिए।

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य भवानीप्रसाद पाण्डेले विद्यालयले आयोजना गर्ने अतिरिक्त क्रियाकलापहरुले विद्यार्थीमा अन्तरनिहीत विभिन्न प्रतिभा प्रष्फुटन हुने र नेतृत्व क्षमता समेत विकास हुने बताए।

कार्यक्रममा विद्यालयका कोषाध्यक्ष रामेश्वर श्रेष्ठ, उपप्राचार्यहरु बालकृष्ण भण्डारी, बासुदेव अर्याल, राजीव श्रेष्ठ, प्लस टु तर्फका विषयगत संयोजकहरु प्रकाश खनाल, प्रकाश पन्त, मनोज सिलवाल, हाजिरीजवाफ संयोजक मुक्ति पौडेल, अतिरिक्त क्रियाकलाप प्रमुख बालकृष्ण बस्याललगायतले आ-आफ्ना धारणा राखेका थिए।

२०४६ सालमा स्थापित न्यू होराइजन माध्यमिक विद्यालयले आगामी माघ १६, १७ र १८ गते ३५औँ वार्षिकोत्सव मनाउन लागेको छ। जसअन्तर्गत प्रदेशस्तरीय हाजिरी जवाफ प्रतियोगिता, लोक दोहोरी गीत प्रतियोगिता, राष्ट्रियस्तरको टेबलटेनिस प्रतियोगिता तथा बाल साहित्य महोत्सवजस्ता रचनात्मक कार्यक्रमहरु सञ्चालन हुने विद्यालयले जनाएको छ।

रूपन्देही सुपरलिगः

# प्रोफेसनल मास्टर्स 'ए' डिभिजनमा प्रवेश

भैरहवा । मोहम्मद हुसेनको अलराण्ड प्रदर्शन र इमरान खानको अर्धशतकीय पारीको मद्दतमा प्रोफेसनल मास्टर्स-११ ले भैरहवामा जारी रुपन्देही सुपरलिग क्रिकेट प्रतियोगितामा जित हात पारेको छ। डिभिजन 'बी' अन्तर्गत मंगलबारको खेलमा देवदह क्रिकेट युनिटमाथि प्रोफेसनलले ७६ रनको सहज जित हात पारेको हो । जितसँगै प्रोफेसनल मास्टर्स 'ए' डिभिजनमा प्रवेश गरेको छ । अब उसले 'ए' डिभिजनका खेलहरुमा प्रतिस्पर्धा गर्नेछ।

यहाँस्थित सिद्धार्थ क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको प्रोफेसनल मास्टर्सले निर्धारित ५० ओभरमा ४२ ओभर ३ बल खेल्दै सबै विकेट गुमाएर १ सय ७२ रनको बलियो योगफल बनायो। उसका लागि इमरान खानले ७७ र मोहम्मद हुसेनले ५५ रनको अर्धशतकीय पारी खेले। यस्तै, अजय रसाइलीले १० रन जोडे। बलिङमा देवदहका रोशन गौतमले ३, सुरज खड्का र अर्जुन रायमाझीले २-२ तथा दीपेन्द्र मल्लाहले १ विकेट लिन सफल भए।

जवाफी ब्याटिङ गरेको देवदह ३० ओभर ५ बलमा ९६ रनमै अलआउट भयो । उसलाई सस्तैमा रोक्न बलिङमा प्रोफेसनल मास्टर्सका मोहम्मद हुसेनले ६ ओभर ५ बलमा १ मेर्डनसहित २३ रन खर्चेर ४ विकेट लिए। यस्तै, ड्रूस सुनारले ५ ओभरमा ११ रन खर्चेर ४ विकेट लिए भने विष्णु कटरिया र कृष्ण पराजुलीले समान १-१ विकेट हात पारे। देवदहका दीपक भण्डारीले २८, सुमन पाण्डेले १८ र कृतिमान ढकालले १५ रन बनाए पनि अन्य ब्याटर नचल्दा टिम पराजित हुन पुग्यो। खेलमा मोहम्मद हुसेन प्लेयर अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे।

रुपन्देही क्रिकेट संघको आयोजनामा जारी प्रतियोगिताको बिजेता टिमले नगद १ लाख १ रुपैयाँ र उपबिजेताले ५० हजार १ रुपैयाँ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्। यस्तै, हरेक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट ब्याटर, बेष्ट बलर र उदयीमान खेलाडीले जनही ५ हजार रुपैयाँ पाउने संघका कोषाध्यक्ष तथा खेल संयोजक निरजप्रताप खाँणले जानकारी दिए।

सुपरलिगमा रुपन्देहीका 'ए' डिभिजनका ८ र 'बी' डिभिजनका १२ गरी २० टिम सहभागी छन् । यसपटक नेपाल सुपरलिगका कारण दुईचरणमा सुपरलिग हुनेछ । पहिलो चरणमा मंसिर १२ गतेसम्म 'बी' डिभिजनका खेलहरु हुनेछन् भने 'ए' डिभिजनका खेलहरु नेपाल सुपरलिग पछि आयोजना हुनेछ।

# बौद्ध विश्वविद्यालयको दीक्षान्त समारोह हुँदै



**मोहम्मद हबिब**
*भैरहवा*

लुम्बिनी विश्व विद्यालयको तेस्रो विशेष दीक्षान्त समारोहबाट २८९ जना विद्यार्थीहरु दीक्षित हुँदैछन् ।

विश्वविद्यालय २०औं वर्षमा प्रवेशको अवसरमा हुन लागेको समारोहमा बौद्ध शिक्षा, धर्म, दर्शनको विकास तथा प्रवर्द्धनमा अतुलनीय योगदान पुऱ्याएकी भिक्षुणी धम्मावती (गणेश कुमारी शाक्य) लाई मानार्थ विद्यावारिधि उपाधि समेत प्रदान गर्न लागिएको छ । विशेष दीक्षान्त समारोहमा विद्यावारिधि, स्नातकोत्तर र स्नातक तहका गरेकाविद्यार्थीहरु दीक्षित हुनेछन् भने पहिलो पटक मानार्थ विद्यावारिधि उपाधि प्रदान गर्न लागिएको छ।

दीक्षान्त समारोह मंसिर १४ गते प्रधानमन्त्री एवं कुलपति केपी शर्मा ओलीको प्रमुख अतिथ्यतामा लुम्बिनीको अन्तर्राष्ट्रिय ध्यान केन्द्रमा हुने विश्वविद्यालयका रजिष्ट्रार डा. तिलकराम आचार्यले जानकारी दिए । विश्वविद्यालयको भदौमा सम्पन्न १६औं सभाको बैठकले लुम्बिनीमा तेस्रो दीक्षान्त समारोह आयोजना गर्ने निर्णय गरको थियो ।

म्यानमारका भिक्षु सितगो सायडोको विशेष उपस्थितिमा हुन लागेको दीक्षान्तमा प्रत्येक संकायबाट स्नातक तह र स्नातकोत्तर तहमा सर्वोत्कृष्ट १३ जना विद्यार्थीहरुलाई विश्वविद्यालय स्वर्णपदकबाट सम्मान गरिने लुम्बिनी बौद्ध विश्वविद्यालयका उपकुलपति प्रा.डा.सुर्वणलाल ब्रजाचार्यले बताए।

वार्षिकोत्सव तथा दीक्षान्त समारोहमा प्रधानमन्त्री एवं कुलपतिसहित, उपप्रधान तथा शहरी विकास मन्त्री माननीय प्रकाशमान सिंह, उपप्रधान तथा अर्थमन्त्री माननीय विष्णु प्रसाद पौडेल, सहकुलपति एवं शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री माननीय विद्या भट्टराई, लुम्बिनी प्रदेशका मुख्यमन्त्री माननीय चेतनारायण आचार्य, प्रतिनिधि सभाका सदस्यहरु, प्रदेशसभाका सदस्यहरु, विदेशी राष्ट्रिका राजदुतहरुको उपस्थिति रहने विश्वविद्यालयले जानकारी दिएको छ।

२०६१ साल मंसिर १४ गते स्थापित विश्वविद्यालय भगवान् गौतम बुद्धका उपदेशलाई विश्व शान्तिका लागि मार्गदर्शक सन्देशका रुपमा स्वीकार एवं अनुशरण गरी शान्ति, बन्धुत्व, मैत्री तथा सद्भाव प्रवर्द्धन गर्न, शिक्षामा गुणस्तर कायम गरी बौद्ध दर्शन, साहित्य, शिक्षा र संस्कृतिसहित अन्य विषयको अध्ययन, अध्यापन र अनुसन्धान गर्नका लागि उच्च तहका शिक्षण संस्थाहरु सञ्चालन गर्न यस विश्वविद्यालयको स्थापना भएको हो।

२०८० देखि ०९० को दशकलाई 'अबको दशक, प्राज्ञिक र सृजनात्मक' नारासहित विश्वविद्यालयले प्राज्ञिक कार्यलाई अगाडि बढाइरहेको छ । विश्वविद्यालयमा बौद्ध अध्ययन संकाय, मानविकी तथा सामाजिक शास्त्र र विकास अध्ययन तथा प्रायोगिक विज्ञान संकाय गरी तीन संकायबाट स्नातक, स्नातकोत्तर तथा विद्यावारिधिसहित ३० वटा शैक्षिक कार्यक्रममा २३०८ विद्यार्थी अध्ययनरत छन्। तीमध्ये ६८ जना विदेशी विद्यार्थीहरु विश्वविद्यालय अध्ययरत छन् ।

लुम्बिनी, बुटवल, देवदहमा विश्वविद्यालयका आंगिक क्याम्पसहरु सञ्चालनमा रहेका छन् । दाङ, काठमाडौं उपत्यका, दोलखामा सहकार्य तथा सम्बन्धन प्राप्त १३ वटा क्याम्पसहरुमा विश्वविद्यालयका शैक्षिक कार्यक्रमहरु सञ्चालनमा छन्। विश्वविद्यालयले सातै प्रदेशमा अनुसन्धान केन्द्र स्थापना गरी अनुसन्धानलाई जोड दिने नीति १६औं सभाको बैठकबाट लिएकाले त्यसको कार्यान्वयनमा काम भइरहेको विश्वविद्यालयले जानकारी दिएको छ। विश्व विद्यालयको अनुसन्धान केन्द्रमार्फत् बौद्ध अनुसन्धान तथा थुप्रै बौद्ध दर्शनका पुस्तक तथा जर्नलहरु प्रकाशित हुँदै आएको छ।

वार्षिकोत्सव तथा दीक्षान्त समारोहमा प्रधानमन्त्री एवं कुलपतिसहित, उपप्रधान तथा शहरी विकास मन्त्री माननीय प्रकाशमान सिंह, उपप्रधान तथा अर्थमन्त्री माननीय विष्णु प्रसाद पौडेल, सहकुलपति एवं शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री माननीय श्री विद्या भट्टराई, लुम्बिनी प्रदेशका मुख्यमन्त्री माननीय श्री चेतनारायण आचार्य, प्रतिनिधि सभाका सदस्यहरु, प्रदेशसभाका सदस्यहरु, विदेशी राष्ट्रिका राजदुतहरुको उपस्थिति रहनेछ।

वार्षिकोत्सवको अवसरमा मंसिर १३ गते बुटवल सिटी क्याम्पस बुटवलमामा रक्तदान कार्यक्रम, मंसिर १५ गते अन्तर्राष्ट्रिय सेमिनार हुदैछ । साउथ एसिया फाउण्डेसनसंगको सहकार्यमा हुने सेमिनारमा १० कार्यपत्र प्रस्तुत हुने जस्मा पूर्वमन्त्री, राजदूत, पूर्व राजदूतहरु, विदेशी विश्वविद्यालयका उपकुलपतिहरुको सहभागिता रहनेछ। यस्तै मंसिर १६ गते विश्वविद्यालयका शिक्षक तथा कर्मचारीहरुबिच मैत्रीपूर्ण भलिबल प्रतियोगिता देवदहमा हुने विश्पविद्यालयका सूचना अधिकारी चुरामणि पोखरेलले जानकारी दिए।

# लुम्बिनी महोत्सवमा निःशुल्क माटो परीक्षण गरिने

भैरहवा। कृषि क्षेत्रमा रासायनिक मलको प्रयोग बढ्दो छ। यसले माटोको उर्वराशक्तिमा ह्रास गरिरहेको छ । तर, धेरै किसानलाई यसबारे जानकारी छैन। यसबारे जानकारी गराउने र कस्तो माटोमा कुन खेती गर्दा उब्जनी बढी हुन्छ भन्ने जानकारी दिने उद्देश्यले यही मंसिर २० गतेदेखि भैरहवामा आयोजना हुने नवौं लुम्बिनी राष्ट्रिय महोत्सवमा निःशुल्क माटो परीक्षण गरिने भएको छ।

महोत्सव आयोजक संस्था सिद्धार्थ उद्योग वाणिज्य संघ, रुपन्देहीले कृषकहरुलाई लक्षित गरेर माटो परीक्षणको व्यवस्था मिलाउन लागेको हो। 'रुपन्देहीको ग्रामीण क्षेत्रमा राम्रो उब्जनी हुन्छ, तर निरन्तरको रासायनिक मलको प्रयोगले किसानहरुले चाहेजति मुनाफा कमाउन सकिरहेको अवस्था छैन', सिद्धार्थ उद्योग वाणिज्य संघका अध्यक्ष ठाकुरकुमार श्रेष्ठले भने-'यसैल महोत्सव स्थलमा हामीले माटो परीक्षण शिविर सञ्चालन गर्न लागेका छौं । यसले किसानले कस्तो माटोमा कुन किसिमको खेती गर्दा उब्जनी बढी हुन्छ भन्नेबारे जानकारी पाउनुहुनेछ। यसले उब्जनी बृद्धिमा सहयोग पुग्ने छ।'

उनले सबै किसानको पहुँच प्रयोगशालासम्म नपुग्ने र नजिक प्रयोगशाला समेत नभएकाले धेरैले आफ्नो जमिनको माटो परीक्षण गर्न नपाएको बताए । 'उद्योग-व्यवसाय र पर्यटनसँगै कृषि हाम्रो समृद्धिको आधार हो। ठूलो हिस्सा नेपालीहरु कृषि खेतीमा लाग्नुभएको छ', उनले भने-'महोत्सवले कृषिको व्यवसायीकरण र आधुनिकीकरणलाई पनि जोड दिएको छ। यसका लागि माटोको उर्वराशक्ति राम्रो हुनु अत्यन्तै आवश्यक छ। यसैले माटो परीक्षण गरेर किसानलाई आफ्नो उब्जाउ भूमिको यथार्थ जानकारी गराउने कोसिस गरेका छौं।'

आयोजकले महोत्सवमा कृषि प्याभेलियन निर्माणको तयारी गरेका छन् । उक्त प्याभेलियनमा माटो परीक्षण हुनेछ। यससँगै कृषिको प्रदर्शनी हुने भएकाले नयाँ कृषि उद्यम गर्न चाहनेलाई सिकाइ मिल्ने छ। यस्तै, कृषि व्यवसाय गर्न चाहनेले कस्तो माटोमा कुन खेती गर्दा उब्जनी र मुनाफा हुन्छ भन्नेबारे जानकारी पाउनेछन्।

मंसिर २० देखि पुस १ सम्म चल्ने महोत्सवमा मंसिर २६, २७ र २८ गते तीन दिन माटो परीक्षणका लागि समयावधि तोकिएको छ । 'महोत्सवमा नेपालगञ्जका प्राविधिकहरुको सहयोगमा माटोको निःशुल्क परीक्षणको व्यवस्था मिलाइएको छ, यहाँ जुनसुकै किसानले आएर आफ्नो खेतबारीको माटो परीक्षण गर्न सक्नुहुनेछ', संघकी सदस्य एवं कृषि व्यवस्थापन समिति संयोजक यमकला न्यौपानेले भनिन्-'धेरैभन्दा धेरै किसानलाई यसबाट लाभ लिन आग्रह गर्दछु।'

यसका लागि ग्रामीण क्षेत्रका कृषकलाई लक्षित गरि विशेष स्टल राखिने मेला आयोजकले जनाएका छन् । भैरहवा तथा यस आसपास रहेका तिलोत्तमा, धकधई, मर्चवार, अमवा, लुम्बिनी, गैडहवा, कञ्चन, सिद्धार्थनगरलगायतका कृषकलाई लक्षित गरी मेलामै माटोको निःशुल्क परीक्षण गरिने छ।

'माटोको परीक्षणपछि प्राविधिकहरुले कुन मौसममा कुन खेती गर्दा उपयुक्त हुन्छ, कसरी लाभ उठाउन सकिन्छ भनेर समेत सिकाउनेछन्', न्यौपानेले भनिन्-'यससँगै माटोमा अम्लियपन वा अन्य जिवाणु देखिए रोकथामको उपाय समेत सिकाइने छ।' यसका लागि नेपालगंगबाट विज्ञसहितको टोली आउने छ।

# तिलोत्तमा १३ का ४३० जनालाई लालपुर्जा



बुटवल । नेपाल सरकारले पुनःनापी गर्ने योजना अनुसार रुपन्देहीको तिलोत्तमा नगरपालिकाले पुनः नापी गरी लालपुर्जा वितरण गरेको छ। तिलोत्तमा नगरपालिका वडा नम्बर १३ मा एक कार्यक्रमकाबिच नापी कार्यलय रुपन्देहीले ४३० जनालाई लालपुर्जा वितरण गरेको हो।

उनीहरुलाई नापी कार्यालय रुपन्देहीका प्रमुख सुग्रीव यादव, तिलोत्तमा नगरपालिका प्रमुख रामकृष्ण खाँण, उप-प्रमुख जगेश्वरीदेवी चौधरी, तिलोत्तमा नगरपालिका वडा नम्बर १३ अध्यक्ष नारायण ढकाललगायतले लालपुर्जा वितरण गरेका हुन्। पुनः नापीको लागि भएको योजना अनुसार वडा नम्बर १३ बाट तिलोत्तमाले सुरु गरेको तिलोत्तमा नगरपालिका प्रमुख रामकृष्ण खाँणले जानकारी दिए । उनले वडाभित्र पुनः नापीको लागि १२ सय बिघा जमिनको लागि १३ सय निवेदन परेको जानकारी दिए।

यो अव्यवस्थित बसोवासीको लागि नभई पहिलेदेखी नै लालपुर्जा भएकालाई पुन नापी गरी वितरण गरिएको उनले बताए । उनले भने-'नेपाल सरकारले नै पुनः नापी गर्ने निर्णय गरेबमोजिम नै पुनः नापी गरेका हौं । यो नापी पहिलेदेखि नै लालपुर्जा भएकाहरुलाई प्रदान गर्नको लागि सहयोग गरेका हौं।' उनले तिलोत्तमा नगरपालिकाको सम्पूर्ण सहयोगमा नागरिकलाई पुनः नापीपछिको लालपुर्जा प्रदान गरिएको बताउँदै अहिले बाँकी रहेकाहरुलाई ४ महिनाभित्र लालपूर्जा वितरण गर्ने जानकारी दिए।

बि.सं.२०२७ सालपछिको ५४ वर्षपछिको पुनः नापी गर्ने योजनाअनुसार तिलोत्तमालगायतका क्षेत्रमा पुन नापीको लागि नापजाँच भए पनि तिलोत्तमाले पहिलोपटक लालपूर्जा वितरण गरेको हो । नयाँ नापीमा पहिलेदेखी प्रचलनमा रहेको बिघालाई हेक्टरमा परिवर्तन गरिएको छ भने पहिलो नापीपश्चात् निर्माण भएका बाटो, कुलो, नाला, खोल्साखोल्सी नाप्ने गरिएको नापी कार्यालय रुपन्देहीका प्रमुख सुग्रीव यादबले जानकारी दिए । उनले भने-'नेपाल सरकारको निर्णय बमोजिम नै पुनः नापीको कामहरु भइरहेका छन् । यसमा पहिलेदेखि प्रचलनमा रहेको बिघालाई हेक्टरमा परिवर्तन गरिएको छ भने पहिलो नापीदेखि पछिल्लो नापी सम्मको बिचमा बनेका बाटोहरु, कुलो, नालालगायतको नामांकन गरिन्छ।'

तिलोत्तमा नगरपालिका उप-प्रमुख जगेश्वरीदेवी चौधरीले तिलोत्तमाले नगरका बासीन्दाको लागि लालपुर्जा प्रदान गरेको बताउँदै यसको लागि तिलोत्तमा नगरपालिकाले पुनः नापी गर्दा लाग्ने सबै खर्च बेहोरेको बताइन्। उनले लालपुर्जा लिँदा ३० रुपैयाँ मात्रै एक व्यक्तिले तिर्नुपर्ने उनले जनाइन्।

तिलोत्तमा नगरपालिका वडा नम्बर १३ अध्यक्ष नारायण ढकालले लालपुर्जा वितरणले वडावासीको लागि निकै सहज भएको आफूले विश्वास लिएको बताए।

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका
साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई
सम्झनुहोस्!
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com